# भाग २

नेपाल सरकार

## कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### सम्वत् २०७२ को ऐन नं.१५

### मेलमिलाप सम्बन्धी ऐन, २०६८ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : मेलमिलाप सम्बन्धी ऐन, २०६८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "मेलमिलाप सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मेलमिलाप सम्बन्धी ऐन, २०६८ को दफा ३ मा संशोधन : मेलमिलाप सम्बन्धी ऐन, २०६८ (यसपछि "मूल ऐन" भनिएको) को दफा ३ को उपदफा (४) मा रहेका "र त्यसका पक्षहरु सो कुरामा सहमत भएमा" भन्ने शब्दहरु झिकिएका छन् ।

३. मूल ऐनको दफा १६ मा संशोधन : मूल ऐनको दफा १६ को उपदफा (६) पछि देहायको उपदफा (६क) थपिएको छ :-

"(६क) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (५) बमोजिम मिलापत्र भएमा पक्षले मुद्दा दायर गर्दा दाखिला गरेको कोर्ट फी वापतको रकम मुद्दा हेर्ने निकायले सम्बन्धित पक्षलाई फिर्ता गर्नेछ ।"

४. मूल ऐनको दफा २१ मा संशोधन : मूल ऐनको दफा २१ को उपदफा (४) मा रहेको "मेलमिलापको" भन्ने शब्दको सट्टा "मेलमिलापकर्ताको" भन्ने शब्द राखिएको छ ।

५. <u>मूल ऐनको दफा २६ मा संशोधन</u> : मूल ऐनको दफा २६ को,-

(१) उपदफा (१) को खण्ड (ख) र (ग) को सट्टा देहायका खण्ड (ख) र (ग) राखिएका छन्:-

| | | |
|---|---|---|
| "(ख) | सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | -सदस्य |
| (ग) | सचिव, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | -सदस्य" |

(२) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छ :-

"(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि परिषद्को सचिवालयको लागि सर्वोच्च अदालतमा उपयुक्त स्थान नभएसम्म अन्यत्र सचिवालय राख्न सकिनेछ ।"

**आज्ञाले**
**उदयराज सापकोटा**
**नेपाल सरकारको निमित्त सचिव**

**प्रमाणीकरण मिति: २०७२।१०।१२**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. १५।-
गो.हु.द.नं. १६।२०६२।६३
1563